## नेपाल सरकारका अनुसार अबदेखि गर्भवती जाँच (ANT-Visit)-8 पटक कम्तीमा गर्नुपर्दछ

| ANC Visit | गर्भ रहेको अवधी |
|---|---|
| पहिलो पटक | १२ हप्ता |
| दोस्रो पटक | १६ हप्ता |
| तेस्रो पटक | २० देखि २४ हप्ता |
| चौथो पटक | २८ हप्ता |
| पाचौ पटक | ३२ हप्ता |
| छैठौ पटक | ३४ हप्ता |
| सातौ पटक | ३६ हप्ता |
| आठौ पटक | ३८ देखि ४० हप्ता |

नियमित गर्भवती जाँच बाहेक यदि समस्या देखिएमा कुनै पनि समयमा आउन सकिनेछ। गर्भवतीको पहिलो पटक जाँच गराएदेखि ९ महिनासम्म जँचाएका कागजातहरू एकत्रित गरेर एउटा फाइला वा झोलामा छुट्दै राख्नुपर्छ र प्रत्येक पटक स्वास्थ्य संस्थामा आउँदा सबै जाँचेका कागजपत्रहरू लिएर आउनुपर्छ।

## गर्भवती अवस्थामा देखा पर्न सक्ने खतराका लक्षणहरू

- हवाल हवाल रगत बग्नु
- आँखा धमिलो हुनु
- बेस्सरी ज्वरो आउनु
- हातखुट्टा र अनुहारमा सुजन हुनु
- बेस्सरी टाउको दुख्नु
- मुर्छा पर्नु
- २० हप्तापछि रक्तचाप बढ्नु

यदि कसैलाई पनि यस्ता लक्षण देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्छ।

**नोटः**

गर्भवती जाँच तथा परामर्श र सुत्केरी सम्बधी सम्पूर्ण सेवा निःशुल्क रूपमा उपलब्ध हुने भएकोले सरकारीस्तरका स्वास्थ्य संस्थामा नै जाऔं।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत
फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००
इमेलः provincehospitalsurkhet@gmail.com



# गर्भवती जाँच सेवा फाँट

अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।

# गर्भवती जाँच सेवा फाँट

गर्भावस्था एक विशेष अवस्था भएकोले यसको सुरुवातदेखि बच्चा नजन्मुञ्जेलसम्म व्यक्तिगत तहदेखि समुदाय स्तरका साथै सेवा प्रवाह तहसम्म सबैले योगदान पुऱ्याउन आजको आवश्यकता रहेको छ।

नेपालमा हरेक वर्ष १९.५८% बच्चा जन्मिने दर रहेको छ। *(NDHS, 2019)*

*Nepal Birth rate Total (Births per Woman)*

| Year | Birth Rate | Growth Rate |
|---|---|---|
| 2021 | 19.034 | 1.690% |

## गर्भवती हुने परिपक्क अवस्था कहिले ?

कुनै पनि महिलाको २० वर्ष पुगेपछि मात्र प्रजनन् अङ्ग परिपक्व हुने भएकोले त्यसपछि गर्भ रहनु नै उत्तम मानिन्छ। प्रजनन् अङ्ग परिपक्व भएपछि गर्भ रहेमा गर्भावस्थामा हुने विभिन्न समस्या पनि कम हुन्छन्।






## गर्भ कहिले जँचाउने

महिनावारी रोकिएपछि गर्भ रहेको थाहा पाउने वित्तिकै नजिकैको स्वास्थ्य संस्थामा गएर जँचाउनु पर्दछ।

यस प्रदेश अस्पतालको ओ.पी.डी. भवनमा छुट्टै गर्भवती जाँच फाँट रहेकोले बिदाका दिनबाहेक हरेक दिन बिहान ९:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म सेवा प्रदान गरिँदै आएको छ। गर्भवती जाँच तथा परामर्श सेवा पनि सँगै उपलब्ध गराइन्छ। तालिम प्राप्त स्वाथ्यकर्मी र स्त्री रोग विशेषज्ञ डाक्टरद्वारा परामर्श सेवा पनि उपलब्ध छ।

**यस फाँटबाट दिने सेवा निम्न प्रकार छन् :**

- गर्भवती जाँच सेवा (हरेक भेटमा)
- आइरन, क्याल्सियम र भिटामिन वितरण
- रगत, पिसाब, जाँच
- भिडियो एक्सरे सेवा (USG)
- टीटी खोप सेवा
- पी.एम.टी.सी.टी. सेवा
- सुरक्षित गर्भपतन सेवा निःशुल्क
- निःशुल्क प्रसूति सेवा